सबैका लागि मर्यादा, समानता र न्याय

# मानवअधिकारपत्र
Human Rights Post

NHRC Monthly Newsletter Vol. 2 Issue 9 Dec.-Jan. 2009

वर्ष २, अङ्क ९ राष्ट्रिय मानवअधिकार आयोगको बुलेटिन २०६६ पुस

## ६१औं मानवअधिकार दिवसको अवसरमा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको मन्तव्य



मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६१औं वार्षिक उत्सव मनाउन हाम्रो आतिथ्य स्वीकार गरी पाल्नु भएका सम्पूर्ण महानुभावहरूलाई राष्ट्रिय मानवअधिकार आयोगको प्राङ्गणमा स्वागत गर्दछु।

संयुक्त राष्ट्रसङ्घ मानवअधिकार उच्च आयुक्तद्वारा यस वर्षका लागि चयन गरिएको 'विविधतालाई आत्मसात् गरौं र बिभेदलाई अन्त्य गरौं' भन्ने विश्वव्यापी सन्देश हाम्रै सन्दर्भलाई दृष्टिगत गरी तर्जुमा गरिएझैं प्रतित हुन्छ। विभिन्न जातजाति, धर्म संस्कृति रहेको हाम्रो मुलुकका लागि सबैथरी नेपालीका आकाङ्क्षा अङ्कुरित समावेशी संविधान बनाउने जिम्मेवारी संविधानसभाको रहेको छ। युगौंदेखि जातीय, धार्मिक र लैङ्गिक विभेद हाम्रो धर्म, परम्परा र कानुनमा रहिआएकोमा त्यसलाई निर्मूल गर्ने कानुन बनिसके पनि कार्यान्वयन तहमा ...बाँकी पृष्ठ ४ मा

### ६१औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस सम्पन्न

## शान्तिसम्झौता पालना गर्न आग्रह




विविधतालाई आत्मसात् गरौं, विभेदलाई अन्त्य गरौं भन्ने सन्देशका साथ ६१औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइएको छ। कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री माधवकुमार नेपालले राज्य संयन्त्रभन्दा अपराधीहरू शक्तिशाली हुँदै गएकाले नागरिकको सहयोग बिना राज्य एक्लैले अपराधीहरूलाई कानुनी दायरामा ल्याउन नसक्ने बताउनु भयो। उहाँले त्यस्ता शक्तिशाली अपराधीहरूलाई सजाय दिने कुरामा सबै राजनीतिक दलहरूलाई जिम्मेवार हुन आग्रह गर्नुभयो। प्रधानमन्त्री नेपालले राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरूका आधारमा घटनाका पीडितहरूलाई क्षतिपूर्ति दिन सुरु गरिएको जानकारी दिनु भयो।

आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सरकारद्वारा प्रस्तावित मानवअधिकार आयोग ऐन, २०६६ विधेयकमा 'स्वायत्त' र 'स्वतन्त्र' भन्ने शब्द हटाइदा राष्ट्रिय मानवअधिकार संस्थाहरूको गठनसम्बन्धी पेरिस सिद्धान्तकै विपरित हुने भएकाले आयोगको स्वायत्तता र स्वतन्त्रतालाई स्थापित गर्न आवश्यक पहल गरिदिन प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो। उहाँले मानवअधिकारसम्बन्धी प्रतिवद्धता जनाउने देशहरूमध्ये नेपाल अग्रणी रहे पनि अन्तर्राष्ट्रिय फौजदारी अदालत, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिसम्बन्धी महासन्धि, अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी महासन्धि, वैदेशिक रोजगारीमा कार्यरत कामदारहरू तथा तिनको परिवारको सुरक्षा सम्बन्धी महासन्धि समेतलाई अनुमोदन गर्नु पर्ने बताउनु भयो। अध्यक्ष उपाध्यायले विस्तृत शान्ति सम्झौता विपरित यातना, हत्या, ...बाँकी पृष्ठ ३ मा

## यसभित्र

१. स्वतन्त्र र स्वायत्त मानवअधिकार आयोग २
२. अपाङ्गता अधिकारसम्बन्धी महासन्धि अनुमोदन २
३. मानवअधिकारको अवस्था ५
४. सत्यनिरुपण आयोगसम्बन्धी विधेयकमा छलफल ८
५. बाँके-बर्दियामा जग्गा अतिक्रमणबारे अनुगमन ९
६. आयोगका निर्णय र सिफारिसहरू १०
७. मङ्सिर महिनामा परेका उजुरीहरू १०
८. आयोगका निर्णय र सिफरिसहरू ११
९. न्याय माग्दै बन्दी प्रहरीद्वारा मानव-ताल्चा १२

## कैलालीको डुडेझारीमा झडप, निष्पक्ष छानबिनको आग्रह

कैलालीको बलिया गाविस-८ स्थित त्रिशक्ति सामुदायिक वन अतिक्रमण गरी बसेका सुकुम्वासी भनिएका व्यक्तिहरू र सुरक्षाकर्मीबीच मङ्सिर १९ गते भएको झडप र विभत्स हत्याका घटनाहरूबारे राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अनुगमन गरेको छ। अनुगमनका क्रममा घटनास्थल र आसपासका क्षेत्रमा आगजनी, तोडफोड र कुटपिटका घटनाले तनाब कायम रहेको र झडपका थप घटना हुनसक्ने सम्भावना प्रबल देखिन्थ्यो।

यसैबीच, आयोगले डुडेझारी घटनाले निम्त्याएको परिणामप्रति गम्भीर चिन्ता प्रकट गरेको छ। गत मङ्सिर २० गते एक प्रेस विज्ञप्ति जारी गर्दै आयोगले अनावश्यक बल प्रयोग नगर्न तथा यस घटनाका घाइतेहरूको प्रभावकारी उपचार गर्न आयोग नेपाल सरकारलाई तथा जथाभावी आगजनी, तोडफोड लगायतका कानुन बिपरित हुने कार्यहरू नगर्न प्रदर्शनकारीहरूलाई आयोग आग्रह गर्‍यो। संवादमार्फत् यस घटनाको समाधान खोज्दै परिस्थितिलाई सामान्य पार्न आ-आफ्नो क्षेत्रबाट आवश्यक पहल थाल्न राष्ट्रिय मानवअधिकार आयोगले राजनीतिक दलहरू, अधिकारकर्मी, नागरिक समाजलगायत सम्बद्ध सबै पक्षलाई अपिल गर्‍यो। साथै, यस घटनाको स्वतन्त्र र निष्पक्ष छानबिन गर्न आयोगले नेपाल सरकारलाई आग्रह गरेको थियो। यो घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान गरिरहेको छ।

## राष्ट्रिय मानवअधिकार आयोग

केन्द्रीय कार्यालय, ललितपुर

**आयोगका पदाधिकारीहरू**

अध्यक्ष : केदारनाथ उपाध्याय
सदस्य : रामनगीना सिंह
सदस्य : गौरी प्रधान
सदस्य : डा. लीला पाठक
सदस्य : डा. के.बी. रोकाया
सचिव : विशाल खनाल



**मानवअधिकार उल्लङ्घन सम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।**

राष्ट्रिय मानवअधिकार आयोग
केन्द्रीय कार्यालय, हरिहर भवन, ललितपुर
फोन : ५०१००१५


## मासिक सन्दर्भ

### स्वतन्त्र र स्वायत्त मानवअधिकार आयोग

मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाको रूपमा रहेको राष्ट्रिय मानवअधिकार आयोगको मुख्य जिम्मेवारी राज्यका विभिन्न निकायले मानवअधिकारप्रति सम्मान, संरक्षण र परिपूर्ति गरेको कुरालाई सुनिश्चित गर्नु हो । यस्तो राष्ट्रिय संस्थालाई स्वतन्त्र र स्वायत्त राख्न सकिएन भने यो एउटा औपचारिकता पूरा गर्ने देखावटी संस्थाका रूपमा परिणत हुन्छ, जसले सरकारलाई सचेत गराउने नभई सरकारले गरेका मानवअधिकार असङ्गत कामकारवाहीलाई समेत वैधानिकता दिन बाध्य हुन्छ ।

यतिखेर, मानवअधिकार आयोग ऐन, २०६६ को मस्यौदा विधेयकलाई नेपाल सरकारले व्यवस्थापिका-संसदमा पुऱ्याएको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक निकायका रुपमा स्थापित गरेको आयोगलाई अहिलेको मस्यौदा विधेयकले सरकारको आदेश र निर्देशन मान्ने निकाय बनाउने प्रयास गरेको देखिन्छ । अघिल्लो ऐनको प्रस्तावनामा नै 'स्वायत्त' र 'स्वतन्त्र' मानवअधिकार आयोग हुने व्यवस्था गरिएकोमा अहिलेको मस्यौदा त्यसलाई हटाइएको छ ।

दोस्रो जनआन्दोलनपछि नेपाली जनता अझ बढी स्वतन्त्र र सार्वभौम भएको परिप्रेक्ष्यमा आयोगलाई अझ सशक्त र सक्षम निकाय बनाउन सकेमा मात्रै विगतमा भएको दश वर्ष लामो सशस्त्र द्वन्द्वमा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई कानुनको दायरामा ल्याउन सकिन्छ । संवैधानिक निकाय बनेपछि अझ बलियो हुनु पर्ने र यसको निर्णय तथा सिफारिस कार्यान्वयन गराउन सजिलो हुनुपर्ने तर झन् निरीह र कमजोर हुने अवस्था यो मस्यौदा विधेयकले देखाएको छ । सरोकारवालाहरूले आयोगलाई मानवअधिकार उल्लङ्घनका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जस्तै आफैं मुद्दा चलाउन सक्ने अधिकार दिइनु पर्छ भन्दैआएका छन् । आयोगले आफ्नो छानविन प्रकृयाद्वारा पीडितको मानवअधिकारसम्बन्धी अभिलेख राख्ने, छानबिन गर्ने, प्रमाण नष्ट गर्नेलाई निलम्बन गर्ने, पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने लगायतको अधिकार आयोगसँग हुनुपर्छ । आयोगलाई स्वतन्त्र र स्वायत्त निकायका रूपमा ऐनमा व्यवस्था गर्न नसकिएमा आयोगको विश्वसनीयता र निष्पक्षतामा प्रश्न उठ्न सक्छ । ऐनको प्रस्तावना खण्डमा स्वतन्त्रता र स्वायत्तता शब्दहरुलाई समेट्दै यसमा पेरिस सिद्धान्तको सन्दर्भलाई समेत जोड्नु अझै राम्रो हुन्छ ।

मस्यौदाको दफा १९ मा आयोगमा उजुरी दिने सम्बन्धमा ६ महिनाको हदम्याद तोकिएको छ । मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घनका विषयमा उजुरी गर्दा हदम्याद राखिनु हुँदैन । त्यस्तै, मस्यौदा विधेयकमा 'असल नियत' भन्नेजस्ता भावनात्मक शब्दहरूलाई पनि हटाइनु पर्दछ ।

वर्तमान मस्यौदा विधेयकले आयोगलाई कमजोर र निरीह बनाउने सक्ने भएकाले आयोगको स्वतन्त्रता र स्वायत्तताका विषयमा व्यवस्थापिका संसदका सदस्यहरुसँग थप छलफल गर्दै आयोगलाई अधिकारसम्पन्न सक्षम निकायका रूपमा स्थापित गर्नुपर्छ ।

\- सम्पादक

## नेपालद्वारा अपाङ्गता अधिकारसम्बन्धी महासन्धि अनुमोदन

व्यवस्थापिका-संसदले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी राष्ट्रसङ्घीय महासन्धि र यसको इच्छाधीन आलेखलाई पुस १३ गते अनुमोदन गरेको छ । यो महासन्धिलाई अनुमोदन गरेर नेपाल ७६औं पक्षराष्ट्र बनेको छ । त्यस्तै यो महासन्धिको इच्छाधीन आलेखमा हस्ताक्षर गर्ने नेपालसमेत ८७ र अनुमोदन गर्ने ४८ देश भएका छन् । सन् २००८ को मे ३ तारिखदेखि लागू भएको यो महासन्धिमा नेपाल लगायत १४४ देशले हस्ताक्षर गरिसकेका छन् । यो महासन्धि अनुमोदन गर्न राष्ट्रिय मानवअधिकार आयोगले नेपाल सरकारलाई २०६६ मङ्सिर १८ आग्रह गरेको थियो । साथै, नेपालस्थित अपाङ्गता अधिकारसम्बन्धी सरोकारवाला संघसंस्थाहरूले दबाबमूलक अभियान सञ्चालन गर्दैआएका थिए ।

संयुक्त राष्ट्रसंघले सन् १९८० को दशकलाई 'अपाङ्ग व्यक्तिको दशक'का रूपमा घोषणा गरेको थियो । यसै अवधारणाको विकसित रूपमा प्रस्तुत गरिएको यो महासन्धिलाई सन् २००६ डिसेम्बर १३ मा राष्ट्रसङ्घीय महासभाले ग्रहण गरी सन् २००७ को मार्च ३० देखि हस्ताक्षरका लागि खुला गरेको थियो । संयुक्त राष्ट्रसङ्घको सन्धि अनुमोदनको इतिहासमा सबैभन्दा छिटो अनुमोदन भएको यो नै पहिलो दस्तावेज भएको छ । ५० धारामा समेटिएको यो महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मानव प्रतिष्ठालाई संरक्षण गर्ने उद्देश्य लिएको छ । यो महासन्धिको पक्षराष्ट्र भएका देशले अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको प्रवर्द्धन, संरक्षण र ती अधिकारको परिपूर्ति सुनिश्चित गर्नुपर्छ । यो महासन्धिको इच्छाधीन आलेखले अपाङ्गता भएका व्यक्तिले राष्ट्रिय संयन्त्रहरूबाट न्यायप्राप्ति गर्न सकेनन् भने उनीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिमा आवेदन गर्नसक्ने अधिकार प्रदान गर्दछ । नेपाल नयाँ संविधान निर्माणका क्रममा रहेकाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी यो महासन्धिले उनीहरूको अधिकारलाई संविधानमा सुनिश्चित गर्न सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

> *नेपाल नयाँ संविधान निर्माणका क्रममा रहेकाले अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी यो महासन्धिले उनीहरूको अधिकारलाई संविधानमा सुनिश्चित गर्न सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।*

यसैबीच व्यवस्थापिका संसदले आइसिआरपिडीलाई अनुमोदन गरेको विषयलाई नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) ले स्वागत गरेको छ । यो कार्यले अपाङ्गता भएका लाखौं नेपालीहरूको मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न नेपाल सरकारको प्रतिवद्धता ठोस रूपमा प्रकट भएको उच्चायुक्तको कार्यालयले बताएको छ ।

## ६१औं मानवअधिकार दिवस ... पेज १ को बाँकी...

अपहरण, चन्दा, सम्पत्ति कब्जा, बलात्कार, महिला हिंसा, दुर्व्यवहार आदि अझै नरोकिएकाले सम्झौतामा उल्लेख भएका सर्तहरू पालना गर्न सम्झौताका पक्षहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपाल प्रतिनिधि रिचार्ड बेनेटले मानवअधिकार उल्लङ्घनकर्तालाई जवाफदेही नबनाइएकाले सशस्त्र द्वन्द्वका पीडितहरू निराश बनेको बताउनु भयो । उहाँले मानवअधिकारमा उल्लङ्घनका दोषीहरूलाई फौजदारी अभियोगमा कारबाही गर्नु पर्नेमा पदोन्नति गरी प्रोत्साहित गरिएकाले दण्डहीनता अझ मौलाएको बताउनुभयो । साथै, उहाँले विस्तृत शान्ति सम्झौताअनुसार बेपत्ता नागरिक खोजबिन आयोग तथा सत्य निरुपण एवम् मेलमिलाप आयोगको गठन गर्न ढिलाइ भइरहेकोमा चिन्ता प्रकट गर्नुभयो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष नैनकला थापाले राज्यले मानवअधिकार संरक्षण गर्न नसकेको भन्दै नेपाल प्रहरीका जवान सुन्तली धामीमाथि सहकर्मी प्रहरीहरूबाट भएको सामूहिक बलात्कारमा दोषी पाइएकाहरूलाई कारबाही नभएकोमा असन्तुष्टि प्रकट गर्नुभयो । गैरसरकारी संस्था महासंघका अध्यक्ष डा. नेत्र तिम्सिनाले सङ्क्रमणकालको बहानामा मानवअधिकार उल्लङ्घनका दोषीलाई कानुनको दायरामा नल्याइदा मानवअधिकारको अवस्था नाजुक बनेको बताउनु भयो । मानवअधिकार महाभेलाका संयोजक चरण प्रसाईले राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता र स्वायत्ततालाई नै अंकुश लगाउने गरी तयार पारिएको मानवअधिकार ऐनको मस्यौदा मानवअधिकार रक्षकहरूलाई मान्य नहुने बताउनु भयो ।



६१औं मानवअधिकार दिवसका अवसरमा जुम्लामा आयोजित कार्यक्रममा प्रस्तुत गरिएको सांस्कृतिक कार्यक्रमको झलक

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै आयोगका सचिव विशाल खनालले अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मानवअधिकारको सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण अवसर भएको बताउनु भयो । कार्यक्रममा आयोगका गतिविधि झल्काउने फोटो प्रदर्शनी तथा मानवअधिकार सचेतना वृद्धि गर्ने श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गरिएको थियो ।

### आयोग कार्यालयहरूमा मानवअधिकार दिवस

देशका विभिन्न भागमा रहेका आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमा ६१औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरले मानवअधिकार दिवसका अवसरमा मङ्सिर २५ गते 'निर्धारित समयभित्र मानवअधिकारमैत्री संविधान' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो । आयोगका निमित्त क्षेत्रीय निर्देशक शंकरनाथ अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा पूर्वाञ्चलका सरकारी तथा सुरक्षा




६१औं मानवअधिकार दिवसका अवसरमा काठमाडौंमा आयोजित मानवअधिकार महाभेलामा र्‍याली सम्बोधन गर्दै आयोगका अध्यक्ष

निकायका प्रतिनिधि, नागरिक समाज तथा राजनीतिक दलका प्रतिनिधि, अधिकारकर्मी तथा सञ्चारकर्मीहरू सहभागी थिए । त्यसैगरी, आयोगको मध्यमाञ्चल क्षेत्रीय कार्यालय जनकपुरले मानवअधिकार दिवसका अवसरमा छलफल कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रमका सहभागीहरूले मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा राज्यका संयन्त्रहरू अझै बढी सक्रिय हुनु पर्ने धारणा व्यक्त गरे । कार्यक्रमका उपस्थित विभिन्न निकायका प्रतिनिधिहरूले मानवअधिकारप्रति आ-आफ्नो तर्फबाट प्रतिवद्धता व्यक्त गरे ।

मानवअधिकार दिवसकै सन्दर्भमा आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, शान्तिका लागि नागरिक समाज सञ्जाल लगायतका विभिन्न संस्थाहरूले प्रभातफेरी कार्यक्रमको आयोजना गरे । पुनरावेदन अदालत पोखराका न्यायाधीशको प्रमुख आतिथ्य रहेको प्रभातफेरी कार्यक्रममा सरकारी तथा सुरक्षा निकायका प्रतिनिधि, गैरसरकारी संस्था, कानुन व्यवसायी, मानवअधिकारकर्मी, सञ्चारकर्मी लगायत सहभागी थिए । आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले त्यस क्षेत्रको मानवअधिकार अवस्थाका बारेमा जानकारी दिन मङ्सिर २४ गते पत्रकार सम्मेलनको आयोजना गर्‍यो । मङ्सिर २५ गते आयोग र मानवअधिकार सञ्जाल, बाँकेको संयुक्त आयोजनामा 'नेपालको शान्ति प्रक्रिया र विस्तृत शान्ति सम्झौताको कार्यान्वयन' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । आयोगका निमित्त निर्देशक मुरारिप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मध्यपश्चिमाञ्चलका सरकारी तथा गैरसरकारी निकाय, राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाजका प्रतिनिधिलगायतले विस्तृत शान्ति सम्झौता र मानवअधिकारको अवस्थाका बारेमा आ-आफ्नो धारणा राख्नु भयो । त्यस्तै, आयोग र राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले मङ्सिर २५ गते बेलुका मानवअधिकारसम्बन्धी सांस्कृतिक कार्यक्रमको आयोजना गरे । यो कार्यक्रममा मानवअधिकारसम्बन्धी सन्देशमूलक गीत, नाटक आदि प्रदर्शन गरिएको थियो ।

यसै अवसरमा आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको संयोजकत्वमा २० भन्दा बढी सङ्घसंस्थाहरूको सहभागितामा मङ्सिर १९ गतेदेखि सप्ताहव्यापी कार्यक्रमका साथ ६१औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइयो । मङ्सिर २५ गते धनगढीमा मानवअधिकार र्‍यालीको आयोजना गरी बजार परिक्रमा गरिएको थियो । यसै अवसरको सन्दर्भमा आयोगको क्षेत्रीय कार्यालयले 'सुदूरपश्चिममा मानवअधिकारको अवस्था' विषयमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । त्यस्तै बुटवल उपक्षेत्रीय कार्यालयको आयोजनामा भैरहवामा 'मानवअधिकार र दण्डहीनता' विषयक अन्तरक्रियाको आयोजना गरियो । पुनरावेदन अदालत बुटवलका न्यायाधीश सारङ्गा सुवेदीको प्रमुख आतिथ्यमा मङ्सिर २५ गते सम्पन्न उक्त कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, कानुन व्यवसायी, अधिकारकर्मी तथा सञ्चारकर्मीहरूको उपस्थिति थियो । त्यसैगरी आयोगको जुम्ला तथा खोटाङका उपक्षेत्रीय कार्यालयहरूले स्थानीय मानवअधिकारसम्बन्धी सङ्घसंस्थाहरूसँग मिलेर विभिन्न चेतनामूलक कार्यक्रम आयोजना गरे ।

## अध्यक्ष उपाध्यायको मन्तव्य... *पेज १ को बाँकी ...*

अझै जोड दिनु पर्ने अवस्था छ। छुवाछुत र भेदभावको अन्त्य गर्न सामाजिक चेतनामूलक कार्यक्रमहरू सबै सामाजिक संस्था, राजनीतिक दल एवम् नेपाल सरकार समेतबाट संयुक्त रूपमा सञ्चालन हुनु अझै आवश्यक छ।

मानवअधिकारसम्बन्धी विश्वले अङ्गिकार गरेका थुप्रै महासन्धिहरूमध्ये एसियामा नै सर्वाधिक महासन्धिहरूलाई नि:सर्त अनुमोदन गर्ने राष्ट्रहरूमध्ये नेपाल पनि रहनु अर्को सुखद् पक्ष हो, यद्यपि मानवअधिकारको दृष्टिकोणबाट अति महत्वपूर्ण अन्य कतिपय महासन्धिहरूमा राष्ट्रले अनुमोदन गर्न बाँकी नै रहेको छ। आयोगले गत वर्ष नेपाल सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालत (रोम विधान, आईसीसी) को अनुमोदन गर्नका लागि सिफारिस गरिसकेकोमा कार्यान्वयनका लागि आज एक पटक फेरि स्मरण गराउन चाहन्छु। त्यसैगरी, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूसम्बन्धी महासन्धि (आईसीपीईडी) अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी महासन्धि (आईसीआरपिडी), तथा बैदेशिक रोजगारीमा कार्यरत कामदारहरू तथा तिनको परिवारको सुरक्षासम्बन्धी महासन्धि (आईसीपिआरएमडब्लु) समेतलाई अनुमोदन गरी व्यवहारमा लागू गर्नसमेत ढिलो भइसकेको छ।

विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, संविधानसभाको निर्वाचनपछि नयाँ संविधान निर्माणप्रति नागरिक समाज तथा मानवअधिकारकर्मीहरूले देखाएको चासो, सक्रियता र चिन्ताले निर्धारित समयमै संविधान निर्माण हुनसक्ने कुरामा आशावादी हुने ठाउँ रहेता पनि राजनीतिक वृत्तमा असान्दर्भिक सत्ता र शक्ति सङ्घर्षले मानवअधिकारको आधारभूमिमा नै कतै दीर्घकालीन प्रहार हुने त होइन ? भन्ने आशङ्का प्रबल छ।

देशका विभिन्न भागमा मानवअधिकार रक्षकहरूको रूपमा अग्रपङ्क्तिमा कृयाशील मानवअधिकार रक्षक, सञ्चारकर्मीहरू तथा शिक्षक माथिको आक्रमण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, यौनिक अल्पसङ्ख्यक तथा तेस्रो लिङ्गी, सुकुम्बासी तथा अन्य सीमान्तकृत एवम् पछाडि पारिएका समुदायको हकहित र अधिकारको सुनिश्चितता गरिनु आवश्यक भैसकेको छ।

*राष्ट्रिय मानवअधिकार आयोग एउटा 'स्वायत्त' र 'स्वतन्त्र' कानुनी संस्थाको रूपमा स्थापित भै वि.सं. २०५७ देखि कार्यरत रहेकोमा जनआन्दोलन-२ पछि हाल संवैधानिक अङ्गका रूपमा स्थापित छ । संवैधानिक अङ्गका रूपमा रूपान्तरित भए पछि आयोग अझै सशक्त र सबल हुनु पर्नेमा संविधानको अपव्याख्या हुने गरी सरकारद्वारा प्रस्तावित मानवअधिकार आयोग ऐन, २०६६ को विधेयकमा 'स्वायत्त' र 'स्वतन्त्र' भन्ने शब्द हटाइएको विषयमा मानवअधिकारकर्मी, नागरिक समाजले ध्यानाकर्षण गराएको सम्बन्धमा ऐक्यबद्धता व्यक्त गर्दै त्यसमा गम्भीरतापूर्वक बिचार गर्न सम्माननीय प्रधानमन्त्रीज्यूलाई विनम्र अनुरोध गर्दछु ।*

सामान्य औषधिमूलो र उपचारबाट निको हुने झाडापखालाजस्तो समस्याबाट यस वर्ष जाजरकोटलगायत मध्य तथा सुदूरपश्चिमका जिल्लाहरूमा करिब ४ सयजनाले अकाल मृत्युवरण गर्नुपर्‍यो, ६५ हजारभन्दा बढी मानिसहरूले समयमै उपचार नपाउँदा जीवनमरणको स्थितिमा लामो समय रहनु पर्‍यो। भोकमरी र खाद्य सङ्कटका कारण बाँच्न पाउने अधिकारबाट वञ्चित मध्य तथा सुदूर पश्चिमाञ्चल र हिमाली भेगका बालबालिका र नागरिकहरूको पीडाको दीर्घकालीन निवारणको खोजीलाई प्राथमिकता दिन जरुरी छ।

अझै पनि गाउँगाउँमा रहेका स्वास्थ्य चौकी तथा अस्पतालहरूमा दरबन्दीअनुसार स्वास्थ्यकर्मी छैनन्। पाठ्यपुस्तकहरूको आपूर्ति समयमा हुन सकेको छैन। सबै गाविस कार्यालयहरू सुचारु रूपले सञ्चालन हुन सकिरहेका छैनन्। कानुनको शासन र सुशासनको स्थिति कमजोर देखिएको छ। कर्णाली क्षेत्र लामो समयदेखि खाद्यान्न र दैनिक उपभोग्य सामग्रीहरूको अभावबाट ग्रस्त तथा भरपर्दो आवागमन सुविधाबाट बिमुख छ। यातना, हत्या, अपहरण, चन्दा, सम्पत्ति कब्जा, बलात्कार, महिला हिंसा, दुर्व्यवहार आदि अझै रोकिन सकेको छैन। आम जनसमुदायले असुरक्षाको महशुस गरिरहेको स्थिति छ। यी समस्याहरूको निदानका साथै सुदूर एवम् विकट भौगोलिक स्थितिमा बसोबास गर्ने र द्वन्द्वकालमा अति पीडित बर्दिया, रुकुम, रोल्पा, कालिकोट जस्ता जिल्लाका बासिन्दाहरूमा राहत, क्षतिपूर्ति र जीवनस्तरको उत्थान गर्ने कार्यक्रम शीघ्र आउनु जरुरी छ।

विस्तृत शान्ति सम्झौता, २०६३ ले प्राथमिकताका साथ अङ्गिकार गरेका मानवअधिकारका विषयहरूमा समेत सन्तोष लिन सकिने अवस्था देखिँदैन। आयोगले भर्खरै सार्वजनिक गरेको शान्ति सम्झौताको तीन वर्षको अनुगमन प्रतिवेदनबाट यससम्बन्धी तथ्याङ्कहरूको विश्लेषण गरिसकिएको छ र यस सम्बन्धमा सम्झौताका पक्षहरूलाई सम्झौताका सर्तहरू अक्षरश: पालना गर्न आवश्यक सिफारिस तथा आग्रह गरिएको छ।

मानवअधिकार, लोकतन्त्र र विधिको शासन एक अर्काका पूरक हुन् भन्ने कुरा हामी सबैलाई अवगत भएकै हो। हत्या, अपहरण, बलात्कार, यातनाजस्ता मानवअधिकारसँग प्रत्यक्ष सरोकार राख्ने सयकडौं मुद्दाहरू सरकारले हठात् फिर्ता लिनुले दण्डहीनतालाई प्रश्रय दिएको जनसामान्यमा धारणा बन्नगएको छ। नेपाल सरकारबाट मानवअधिकारसम्बन्धी मुद्दा फिर्ता लिंदा राष्ट्रिय मानवअधिकार आयोगको पनि परामर्श लिने परम्परा बसाल्नु उपयुक्त हुन्छ भन्ने आयोगको मान्यता छ। अन्यथा, आयोगले मानवअधिकार उल्लङ्घनमा दोषी ठहर गरेका मानिसहरूलाई कानुनी कारबाहीको प्रक्रियामा ल्याउनुको साटो तिनका मुद्दा फिर्ता लिनु, पीडित पक्षलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था नगरिनु जस्ता कुराले मानवअधिकारको मर्ममाथि नै प्रहार गर्ने हुँदा प्रकारान्तमा आयोगको सिफारिस र तदअनुकुल मुद्दा सम्पादनको औचित्यमा नै प्रश्न चिन्ह खडा गर्छ।

अत: यिनै परिप्रेक्ष्य र सन्दर्भमा यो दिवस मनाइरहँदा यस वर्ष मानवअधिकारवादी एवम् गैरसरकारी संस्थाको सञ्जाल र सरोकारवालाहरूसमेत सम्मिलित भै आयोजना गरिएको महाभेला, प्रभातफेरि लगायतका अन्य कार्यक्रमहरू अत्यन्त उत्साहवर्द्धक छन्। मलाई लाग्छ, यसको निरन्तरताले मानवअधिकार अभियानलाई अझै सुदृढ, सबल र सङ्गठित गराउने छ। महाभेलाका आयोजक सम्पूर्ण मानवअधिकारकर्मी र गैरसरकारी संस्थाका सदस्यहरूलाई बधाई दिन चाहन्छु।

अन्त्यमा, राष्ट्रिय मानवअधिकार आयोग एउटा 'स्वायत्त' र 'स्वतन्त्र' कानुनी संस्थाका रूपमा स्थापित भै वि.सं. २०५७ देखि कार्यरत रहेकोमा जनआन्दोलन-२ पछि हाल संवैधानिक अङ्गका रूपमा स्थापित छ। संवैधानिक अङ्गका रूपमा रूपान्तरित भए पछि आयोग अझै सशक्त र सबल हुनु पर्नेमा संविधानको अपव्याख्या हुने गरी सरकारद्वारा प्रस्तावित मानवअधिकार आयोग ऐन, २०६६ को विधेयकमा 'स्वायत्त' र 'स्वतन्त्र' भन्ने शब्द हटाइएको विषयमा मानवअधिकारकर्मी, नागरिक समाजले ध्यानाकर्षण गराएको सम्बन्धमा ऐक्यबद्धता व्यक्त गर्दै त्यसमा गम्भीरतापूर्वक बिचार गर्न सम्माननीय प्रधानमन्त्रीज्यूलाई विनम्र अनुरोध गर्दछु। हाम्रो आमन्त्रण स्वीकार गरी यहाँ पाल्नुभएका कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री तथा समस्त अतिथिहरूमा आभार व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्ग्याउँछु।

## मङ्सिर महिनामा

# मानवअधिकारको अवस्था

विभिन्न मानवअधिकार दिवस, गतिविधि र अभियानहरू परेकाले मानवअधिकार प्रवर्द्धनका हिसाबले मङ्सिर महिना बढी नै गतिशील देखिएको छ। यो महिनामा परेका मुख्य अन्तर्राष्ट्रिय मानवअधिकार दिवसहरूमा अन्तर्राष्ट्रिय बालदिवस (मङ्सिर ५), महिलाविरुद्ध हिंसा उन्मूलनको अन्तर्राष्ट्रिय दिवस (मङ्सिर १०), अन्तर्राष्ट्रिय महिला मानवअधिकार रक्षक दिवस (मङ्सिर १४), विश्व एड्स दिवस (मङ्सिर १६), अन्तर्राष्ट्रिय दासत्व उन्मूलन दिवस (मङ्सिर १७), अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (मङ्सिर १८), अन्तर्राष्ट्रिय मानवअधिकार रक्षक दिवस ( मङ्सिर २४), भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय दिवस (मङ्सिर २४) र अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (मङ्सिर २५) रहेका छन्।

त्यस्तै, विस्तृत शान्ति सम्झौता, २००६ मा हस्ताक्षर भएको तीन वर्ष पूरा भएको छ, मङ्सिर ५ गते। तीन वर्षको मानवअधिकार अवस्थाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगलगायत विभिन्न अधिकारवादी संघसंस्थाहरूले समीक्षात्मक प्रतिवेदनहरू सार्वजनिक गरेका छन्। यसै अवसरमा राष्ट्रिय मानवअधिकार आयोगले 'विस्तृत शान्ति सम्झौताको तीन वर्ष' नामक प्रतिवेदन सार्वजनिक गर्‍यो। आयोगको प्रतिवेदन अनुसार द्वन्द्वपीडित व्यक्ति वा तिनका परिवारलाई क्षतिपूर्ति दिने काम आंशिक रूपमा हुन प्रारम्भ भएता पनि दोषीलाई कानुनी कारबाही गर्ने प्रक्रिया अघि बढेको छैन, बरु 'सङ्क्रमणकाल'को बहानामा देशमा दण्डहीनताको अवस्था अझै बढ्दो छ। (यससम्बन्धी विस्तृत विवरण 'मानवअधिकारपत्र'को अघिल्लो अङ्कमा प्रकाशित भइसकेको छ।)

अन्तर्राष्ट्रिय दिवसहरूका अवसरमा आयोजित विभिन्न समारोहहरूमा नेपाल सरकारका प्रधानमन्त्री लगायत विभिन्न उच्च पदस्थ अधिकारीहरूले मानवअधिकारप्रति प्रतिबद्धता व्यक्त गरे। महिलाहिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा प्रधानमन्त्रीले माधवकुमार नेपालले सन् २०१० लाई महिलाहिंसा उन्मूलन वर्षका रूपमा मनाउने घोषणा तथा महिला हिंसा विरुद्धका उजुरीहरू प्राप्त गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा टेलिफोन हटलाइनको समेत व्यवस्था गर्नुभयो। त्यस्तै, विभिन्न राजनीतिक दलका नेताहरूले ६१औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगले गरेको औपचारिक कार्यक्रम वा मानवअधिकार महाभेलालगायतका अवसरहरूमा मानवअधिकारप्रति आफू र आफ्नो समूहको प्रतिवद्धता सार्वजनिक गरे। दोस्रो चरणको विरोध कार्यक्रम आयोजना गरिरहेको एकीकृत नेकपा (माओवादी) ले पनि मानवअधिकार सम्बन्धी गतिविधिहरूलाई असर नपर्ने किसिमले विरोध कार्यक्रमलाई फेरबदल गर्‍यो।

राजनीतिक गतिविधिका कारण शान्ति सुरक्षाको अवस्थामा उतारचढाव देखिएको छ, यो महिना। नागरिक सर्वोच्चताको मुद्दा उठाएर एकीकृत नेकपा (माओवादी) ले राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू र सत्तापक्षका मुख्य नेताहरूलाई कालो झण्डा देखाउने, कार्यक्रम विथोल्न ढुङ्गामुढा गर्ने, नाराबाजी गर्ने, सडक अवरुद्ध पार्ने जस्ता गतिविधि गरिरह्यो, जसबाट सुरक्षाकर्मी र प्रदर्शनकारीहरूबीच मुठभेड र झडपको स्थिति सिर्जना भयो। त्यस्तै, साउन महिनादेखि लगातार अवरुद्ध रहेको संसद मङ्सिर महिनामा पनि खुल्न नसक्दा नागरिक अधिकारका विभिन्न ऐनकानुन तथा नीतिनिर्माण कार्य अवरुद्ध भयो। तर, मङ्सिर २५ गते ६१औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस परेकाले अधिकारकर्मीहरूको अनुरोधमा मङ्सिरको पछिल्लो हप्ता माओवादीले विरोध कार्यक्रम फिर्ता लिएको थियो।



**बाँके जिल्लाको रनियारपुरमा जग्गाकब्जासम्बन्धी विषयमा अनुगमन गर्न पुगेको आयोगको टोली सुरक्षाकर्मीहरुसँग सोधपुछ गर्दै**

मध्य तथा पूर्वी तराईका पर्सा, रौतहट, जनकपुर, सिरहा, सप्तरीलगायतका जिल्लाहरूमा हत्या, अपहरण, कुटपीट, चन्दा र धम्कीका गतिविधिहरूमा कुनै कमी देखिएन। तर, देशका अन्य भागमा यस्ता गतिविधिहरू अघिल्लो महिनाका तुलनामा कम पाइएका छन्। विशेष सुरक्षा नीति लागू भएपछि केही शीथिल देखिएका भूमिगत समूहहरूको हिंसात्मक गतिविधि फेरि तीव्र भएको छ। यसअघि, सरकारको सुरक्षा नीतिलाई प्रतिकार गर्दै सामूहिक रूपमा चुनौती दिन विभिन्न सशस्त्र समूहहरूले संयुक्त मोर्चाको तयारीमा लागेको समाचारहरू सार्वजनिक भएको थियो। यस्तो अवस्थाले तराईमा पुनः मुठभेड र त्रासको अवस्था पैदा भएको छ।

मङ्सिर महिनामा पर्न आएका उजुरीहरूबारे आवश्यक सूचना सङ्कलन तथा अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ। आयोगका कार्यालयहरूमा मङ्सिर महिनामा २२ उजुरी मात्र परे जसमा हत्या-३, बेपत्ता/अपहरण-५, घाइते/कुटपिट-१, सम्पति कब्जा-१, धम्की-२, थुनासम्बन्धी-१, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार-३, न्याय प्रशासन-६ रहेका छन्। अघिल्लो वर्षको यहि महिनामा ६० ओटा उजुरी परेका थिए। विगतका १२ महिनाको उजुरी ग्रहणलाई हेर्दा यो महिना सबैभन्दा कम उजुरी परेको देखिन्छ मानवअधिकारको अवस्था सुधन नसकिरहेको परिप्रेक्ष्यमा घट्दो उजुरीले न्यायिक निकायका कामकारबाहीमा जनता आशावादी हुन सकेको देखिदैन।

| महिना | उजुरी सङ्ख्या |
|---|---|
| पुस ०६५ | ६८ |
| माघ, | ६१ |
| फागुन | ३८ |
| चैत | ६५ |
| वैसाख ०६६ | ५३ |
| जेठ | ३६ |
| असार | ५० |
| साउन | ४१ |
| भदौ | ३४ |
| असोज | २७ |
| कार्तिक | ४७ |

## शान्ति सुरक्षाको अवस्था

शान्तिसम्झौताका पक्षहरूबाट सम्झौता विपरित विभिन्न गतिविधिहरू मङ्सिर महिनामा भइरहेका छन्, खासगरी सम्पति कब्जा, विस्थापन, राहत र क्षतिपूर्ति, दोषीलाई कारबाही नहुने अवस्था विद्यमान रह्यो । जिल्ला अस्पताल र स्वास्थ्य चौकीहरूबाट दिइने स्वास्थ्य सेवा प्रभावकारी र गुणस्तरीय नभएको अवस्था यथावत् छ । बन्दीहरूलाई दिइनु पर्ने आवश्यक न्युनतम सेवासुविधा नदिइएको र क्षमताभन्दा बढी बन्दीहरू भएका कारागारहरूमा कुनै सुधार गरिएको छैन । मार्ने धम्की दिने, जग्गा कब्जा गर्ने, विभिन्न बहानामा जबर्जस्ति चन्दा असुल्ने जस्ता घटनामा समेत कायमै रहे । तर तराईका सशस्त्र समूहबाट हुने मानवअधिकार उल्लङ्घनका घटनामा कमिआएको पाइयो । नागरिक सचेत समूह बाँकेले मङ्सिर २३ गते सशस्त्र समूहहरूबाट भइरहेका आपराधिक क्रियाकलापहरूको छानबिन गरी दोषीमाथि कारबाहीको माग गरेको छ । झापा जिल्लाको दमकस्थित ग्लोबल क्याम्पसको मूलढोकामा मङ्सिर ९ गते फेला परेको बम, तथा संयुक्त जातीय मुक्तिमोर्चा नामक सशस्त्र समूहले मङ्सिर १८ गते उदयपुर जिल्लाको गाइघाट बजारमा राखेको बमलाई नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पाऱ्यो । नेपाल पत्रकार महासंघ काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला शाखाको संयुक्त आयोजनामा मङ्सिर ५ गते विभिन्न सञ्चारमाध्यममा संलग्न पत्रकारहरूले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न माग गर्दै काठमाडौं महानगरपालिकाको मूलढोका अगाडि धर्ना दिए । हत्या लगायत विभिन्न अपराधमा संलग्न ३ सयभन्दा बढी मुद्दाहरू सरकारले फिर्ता लिएको भनी सञ्चारमाध्यममा समाचारहरू प्रकाशित भए । यसबाट दण्डहीनताले प्रश्रय पाएको, पीडितले न्याय नपाएको, दोषीलाई कानुनबमोजिम कारबाही हुनु पर्नेमा उन्मुक्ति पाउने अवस्था रह्यो । एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले बाँकेमा पार्टीको तेस्रो चरणको आन्दोलनका लागि भन्दै सर्वसाधारणलाई अनिवार्य चन्दा दिन दबाब दिए । अझ बर्दिया जिल्लाका माओवादी कार्यकर्ताले त पार्टीको लेटरप्याडमा चन्दा रकम तोकेरै व्यापारीहरूलाई, र चन्दबापत धान दिन किसानहरूलाई दबाब दिए । तराईमा भूमिगत सशस्त्र समूहको चन्दा आतङ्कले बर्दिया गुलरिया २ खैरापुरका पहाडे मूलका बासिन्दा र व्यापारी आतङ्कित भएका छन् ।

## जीवनको अधिकार

आफैंले बोकेको बम विष्फोट हुँदा ताप्लेजुङ जिल्लाको लेलेप गाविसका धनबहादुर लिम्बुको मङ्सिर ४ गते मृत्यु भयो । पूर्वाञ्चल अस्पताल, मोरङमा चिकित्सकको लापरबाहीबाट सुन्दरपुर गाविस-३ का रमेश श्रेष्ठको मृत्यु भएको भन्दै मृतकका आफन्तले प्रदर्शन गरे पछि प्रहरीले दुईजना हेल्थ असिस्टेन्टलाई नियन्त्रणमा लियो । चितवन राष्ट्रिय निकुञ्जभित्र काठ काट्दै गर्दा सेनाको गोली प्रहारबाट चितवन जिल्ला कुमरोज गाविस-८ का राजकुमार दराईको मङ्सिर १३ गते मृत्यु भयो । सर्वसाधारणलाई चेतावनीसमेत नदिई सेनाले गोली हान्यो भन्ने सर्वसाधारणको भनाई रहेको थियो भने काठ चिरिरहेका तस्करले ढुङ्गामुढा गरेपछि कारबाहीमा मृत्यु भएको भन्ने सेनाको दाबी छ । कैलाली जिल्लाको डुढेझारीमा सुकुम्बासी भएको दाबी गर्ने वनअतिक्रमणकारी तथा सुरक्षाकर्मीबीच भीडन्त हुँदा एक सुरक्षाकर्मीसहित पाँच व्यक्तिको मृत्यु भयो । अज्ञात व्यक्तिले दुई लाख रूपैयाँ चन्दा माग गरी धम्क्याउन थालेपछि जिल्ला स्वास्थ्य कार्यालय, नेपालगञ्जका अधिकृत सुनिल पाण्डे जिल्लाबाट विस्थापित भए । सप्तरीको कोचाबखरीबाट जनतान्त्रिक तराइ मुक्ति मोर्चाका कार्यकर्ताले सोही समूहका जिल्ला कमान्डर हरिनारायण शाहलाई अपहरण गरेको जानकारी आयोगले प्राप्त गऱ्यो । सप्तरीको जानकीपुरस्थित इन्जिनियरिङ क्याम्पसमा अध्ययनरत रोशन देवलाई अज्ञात समूहले मङ्सिर १२ मा अपहरण गऱ्यो । त्यस्तै, मङ्सिर १६ गते एक अज्ञात समूहले अपहरण गरेका सिरहा जिल्लाको कञ्चनबारीका पूर्वशिक्षक रामस्वरूप भगतको स्थिति अझै अज्ञात छ ।



**रुकुमकी प्रत्रकार टीका बिष्टको स्वास्थ्य स्थितिका बारेमा काठमाडौं मोडल अस्पतालमा सोधपुछ गर्दै आयोगको टोली**

## माओवादीको स्वायत्त राज्य घोषणा

एकीकृत नेकपा (माओवादी) ले सरकारले नागरिक सर्वोच्चताको माग सम्बोधन गर्न नसकेको आरोप लगाउँदै दोस्रो चरणको आन्दोलनकै रूपमा स्वायत्त गणराज्यहरू घोषणा गर्ने निर्णय गऱ्यो । जातीय राज्यहरू घोषणाबाट सामाजिक सद्भाव खल्बलिने भन्दै माओवादीको यो कार्यक्रमलाई रोक्न विभिन्न क्षेत्रबाट निकै ठूलो दबाब र चासोहरू व्यक्त भए । स्वायत्त राज्य घोषणा कार्यले संविधानसभाको महत्वलाई नै ओझेल पार्न खोजिएको भनी आलोचना भए पनि माओवादीको यो कार्यक्रम रोकिएन । एकीकृत माओवादीले मङ्सिर महिनामा झापाको विर्तामोडमा कोचिला राज्य, तेह्रथुमको म्याङलुङमा लिम्बुवान् राज्य, सोलुखुम्बुमा शेर्पा राज्य र खोटाङमा किराँत राज्यको घोषणा गऱ्यो । लिम्बुवान राज्यको माग गरिरहेका संयुक्त लिम्बुवान राज्य परिषद्लगायतले माओवादीद्वारा घोषित कोचिला र किराँत राज्यको बिरोध गर्दै लिम्बुवान् राज्य स्थापनाको लागि कडा आन्दोलन गर्ने चेतावनी दिएका छन् । त्यस्तै, समग्र मधेस एक प्रदेशको नारा बोकेको मधेसी जनअधिकार फोरमले एकीकृत माओवादीको स्वायत्त राज्य घोषणालाई मधेस टुक्र्याउने गतिविधि भन्दै त्यसको प्रतिकार गर्न सशक्त आन्दोलन गर्ने जनाएकाले अझ बढी त्रास र मुठभेडको अवस्था बढेको छ । यसै महिना तराईं मुक्तिमोर्चा नामक सशस्त्र समूहले दुई महिना लामो आन्दोलन घोषणा गरेको साथै तराईका सशस्त्र समूहहरूले कार्यगत एकता गरी तराईका सवालमा संयुक्त सशस्त्र आन्दोलन गर्ने चेतावनी दिएकाले त्यस क्षेत्रको जनजीवन थप सन्त्रासपूर्ण बनेको छ ।

## घाइते/कुटपिट

पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी दुर्गाप्रसाद भण्डारी माथि हातपात गर्ने कृषि तथा सहकारी राज्यमन्त्री करिना बेगमलाई सरकारले कुनै कारबाही गरेन । राज्यमन्त्री बेगमका विरुद्ध प्रहरी कार्यालयमा उजुरी दर्ता भइसके पनि कानुनी कारबाहीको प्रक्रिया अघि बढेन । सरकारलाई दबाब दिन सरकारी कार्यालयहरूमा करिब एक हप्ता कामकारबाही ठप्प पारिंदा सेवाग्राहीहरू मर्कामा परे । मन्त्रीस्तरको व्यक्तिबाट जिल्लाकै मुख्य सरकारी अधिकारी माथि दुर्व्यवहार हुँदा कर्मचारीको मनोबल खस्कनुका साथै दण्डहीनताले प्रश्रय पाएको देखिन्छ । ताप्लेजुङको हाङपाङमा युथफोर्स र वाईसीएल कार्यकर्ताबीच मङ्सिर १ गते भीडन्त हुँदा एकजना घाइते भए । जिल्ला कारागार मोरङमा

जेलरको मिलेमतोमा भ्रष्टाचार तथा अनियमितता भएको भनी जेलर पक्षधर र बिरोधी समूहबीच झडप हुँदा केही व्यक्ति घाइते भए र कारागार तीन दिन तनावग्रस्त रह्यो। जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) का कार्यकर्ताले महोत्तरी फुलहट्टा परिकौली गाविस-८ का मुकिम अन्सारीलाई गत मङ्सिर ४ गते आफ्नो पार्टीविरुद्ध सुराकी गरेको आरोपमा गोली हानी घाइते बनाए। सिन्धुपाल्चोकको तातोपानी नाकामा कार्यरत नेपाली ट्राफिक प्रहरीमाथि चिनियाँ सुरक्षाकर्मीहरूले मङ्सिर १३ गते कुटपिट र दुर्व्यवहार गरे। चिनियाँ पक्षले दोषी कर्मचारीलाई कारवाही गर्ने र नेपाली ट्रकमा भएको क्षति व्यहोर्ने सहमति पछि स्थिति सामान्य बनको थियो। शुल्क बढाएको बिरोधमा सुनसरीको इटहरीमा मङ्सिर १६ मा विद्यार्थीले ५ ओटा बसमा तोडफोड गरे। मङ्सिर २० गते इटहरीमै अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताले त्यत्तिकै संख्यामा स्कुलबस तोडफोड गरे। मङ्सिर २३ गते रुकुम जिल्लामा कार्यरत पत्रकार टीका बिष्टमाथि अपरिचित समूहले आक्रमण गरी गम्भीर घाइते बनायो। नेपाल पत्रकार महासंघ लगायतले उनलाई भीरमा अर्धचेत अवस्थामा फेला पारी उद्धार गऱ्यो। उपचारका लागि मङ्सिर २४ गते काठमाडौं ल्याइएकी बिस्टको अवस्थाका बारेमा आयोगको टोलीले आवश्यक अनुगमन र सोधपुछ गरेको थियो। अनुगमनका क्रममा पत्रकार बिष्टको शरीरमा गम्भीर चोटपटक लागेको, हातका औंलाहरूमा धारिलो हतियारले चिरिएको पाइएको थियो। त्यसैगरी मङ्सिर २५ मा व्यक्तिगत विवादमा धनकुटा कारागारमा बन्दीहरूबीच झडप हुँदा एकजना गम्भीर घाइते भए।

## आवागमनको अधिकार

राष्ट्रिय जनमोर्चाले सङ्घीयताको विरोधमा मङ्सिर महिनाका विभिन्न दिनमा मध्यमाञ्चल, पश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका विभिन्न जिल्लाहरू बन्द गर्ने तथा धर्ना दिने कार्यक्रम आयोजना गर्दा हजारौं सेवाग्राहीहरू सरकारी वा निजी संस्थाहरूबाट प्राप्त हुने सुविधाबाट वञ्चित भए। नेपालबन्द डटकम नामक वेबसाइटका अनुसार मङ्सिर महिनाभर देशभरिमा कम्तीमा २३ दिन बन्द र हड्तालका गतिविधि भए। यो अवस्थाले महिनाभरि नै देशका विभिन्न भागहरू प्रभावित भइरहे। नेकपा माओवादी (मातृका समूह) को आह्वानमा मङ्सिर १ र २ गते भएको मधेस बन्दले पूर्वी तथा मध्य तराईका जिल्लाहरूको जनजीवन प्रभावित बन्यो। सुनसरीका कोशीपीडितहरूले चारबुँदे माग राखी मङ्सिर २ गतेदेखि त्यस क्षेत्रमा यातायात अवरुद्ध पारे। त्रिभुवन विश्वविद्यालयले शिक्षण शुल्क वृद्धि गरेको विरुद्धमा मङ्सिर ३ गते चार विद्यार्थी संगठनले चक्काजाम गरे। एकीकृतनेकपा (माओवादी) सम्बद्ध अखिल नेपाल पेट्रोल मजदुर युनियनले अघिल्लो महिनादेखि आह्वान गरेको पेट्रोलपम्प बन्द गर्ने काम मङ्सिर ४ गतेसम्म जारी रह्यो। एकीकृत नेकपा (माओवादी) सम्बद्ध मजदुर संघले आफ्ना माग पूरा गराउन मङ्सिर ४ गतेदेखि धरान औद्योगिक क्षेत्रका सम्पूर्ण उद्योगहरू बन्द गऱ्यो। ताप्लेजुङको नाङ्खोल्याङ गाविसका सचिव जगन्नाथ गुरागाईं माथि आक्रमण भएको विषयमा मङ्सिर ३ गते ताप्लेजुङमा र स्थानीय निकायका कर्मचारीले विभिन्न माग राखी मङ्सिर ३० गते पूर्वाञ्चलका स्थानीय निकायको काम कारबाही ठप्प पारे। मजदुर कार्यकर्ताहरूलाई बिनाकारण प्रहरीले गिरफ्तार गरेको भन्दै गत मङ्सिर ८ गतेदेखि मजदुर सङ्गठनहरूले संखुवासभा जिल्लामा नाकाबन्दी गरेकाले त्यहाँको जनजीवन कष्टकर बन्यो। कैलालीको डुँडेझारीमा भएको झडपको बिरोधमा एकीकृत नेकपा (माओवादी) ले मङ्सिर २१ मा नेपाल बन्दको आह्वान गऱ्यो। यो घटनाको विरोधमा एकीकृत नेकपा (माओवादी) ले मङ्सिर २० गतेबाट कैलाली जिल्लामा मङ्सिर महिनाभर बन्द गरे। मङ्सिर २२ गते सोमबार एक समूहले अस्पतालमा तोडफोड गरेकाले सुरक्षाको माग गर्दै चिकित्सकहरूले मंगलबार मङ्सिर २३ गते दिनभर बर्दिया जिल्ला अस्पतालको आकास्मिक सेवालगायत सम्पूर्ण काम ठप्प परेका छन्। यस क्रममा सवारी साधनमा आगजनी, तोडफोड र लुटपाटका घटना समेत भए। यसै विषयलाई लिएर एकीकृत नेकपा (माओवादी) ले मङ्सिर २१ गते नेपाल बन्द गऱ्यो। त्यस्तै नेपाल पिछडा वर्ग महासंघले मङ्सिर २१ र २२ मा र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)सँग आवद्ध मधेसी विद्यार्थी मञ्चले मङ्सिर २३ गते मधेस बन्द गर्दा तराईका विभिन्न जिल्लाहरू प्रभावित बने। पर्सा जिल्लाका ट्रान्सपोर्ट व्यवसायी राजेश्वर दुवेको हत्या भएको विरोधमा व्यवसायीहरूले मङ्सिर २७ गते विरगञ्ज बन्द गरे। बढ्दो हत्या र अपराधका घटनालाई स्थानीय प्रशासनले नियन्त्रण गर्न नसकेको भन्दै स्थानीय प्रतिकार समिति बनायो।




**६१औं मानवअधिकार दिवसमा आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले विराटनगरमा आयोजित अन्तरक्रियामा सहभागीहरू**

## सम्पत्ति कब्जाको अवस्था

विगतका महिनामा जस्तै यो महिना पनि सम्पत्ति कब्जाको अवस्था कायमै रह्यो। यस कार्यमा एकीकृत नेकपा (माओवादी), तराईका सशस्त्र समूहहरू र पूर्वी पहाडमा रहेका सशस्त्र समूहहरू अग्रणी देखिए। उनीहरूले अघिल्ला महिनामा कब्जा गरिएका घरजग्गा लगायतका सम्पत्तिलाई कब्जाकर्ताले फिर्ता दिने काम गरेनन्। संखुवासभा जिल्लाको चैनपुर गाविस-३ का भोलामान श्रेष्ठको घर जग्गा कब्जा गरी एकीकृत नेकपा (माओवादी) का कार्यकर्ताले सेल्टरको रूपमा प्रयोग गरिरहेको जानकारी आयोग टोलीले प्राप्त गरेको छ। खोटाङ जिल्लाको हलेसी, दुर्खिम, महादेवबेंसी र राजापानी गाविसमा एनेकपा (माओवादी) ले कब्जा गरी फिर्ता गरेको १ सय रोपनीभन्दा बढी जग्गा नेकपा माओवादी (मातृका समूह) का कार्यकर्ताले कब्जामा लिएको दाबी गरे। बाँकेमा एकीकृत नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्वयता कब्जा गरिएका जमिन नफर्काउन नेताकार्यकर्तालाई दबाब दिएका छन्। पार्टी नेतृत्वले कब्जा गरिएको सम्पति फर्काउन निर्देशन दिएपनि उनीहरूले त्यसलाई नमान्ने बताए। विस्तृत शान्तिसम्झौता विपरित एकीकृत माओवादी निकट अखिल नेपाल सुकुम्बासी संघले बाँके जिल्ला रझेना गाविस-७ मा रहेको महेन्द्र गोल्छाको १२ बिघा र अन्य ऐलानी जग्गा कब्जा गरेको छ। त्यस्तै माओवादी कार्यकर्ताले दाङ जिल्लाका धनौरी, हेकुल, मानपुर, हापुर, डरुवा, पवननगर, हलवार, श्रीगाउँ र पञ्चकुले गाविस तथा तुलसीपुर नगरपालिका क्षेत्रबाट मङ्सिरमा ५८ हजार ५ सय मुरीभन्दा बढी धान कब्जामा लिएको जानकारी आयोगले प्राप्त गरेको छ।

### खाद्यान्नको अधिकार

चार महिनादेखि खाद्यान्न ढुवानी ठप्प भएपछि जुम्लामा खाद्यान्न अभाव भएको छ । खाद्य संस्थान खलङ्गामा रहेको डिपो रित्तिएपछि मङ्सिर १ गतेदेखि नै स्थानीयवासीले चामल पाएनन् । दैलेखको लहरेखोला नजिकको राउटे बस्तीमा खाद्यान्न अभावका कारण भोकमरीको समस्या भएको छ । निजी विमानहरूले भाडा बढाएर ओसार्न छाडेपछि मध्यपश्चिमका हिमाली र पहाडी जिल्लामा खाद्यान्न पुग्न सकेको छैन । गत असारदेखि अवरुद्ध सुर्खेत-जुम्ला राजमार्ग अझै खुलेको छैन । खाद्यान्न अभावका कारण कालिकोटका ग्रामीण भेगमा भोकमरी बढेको छ । त्यस्तै, मुगुका ११ गाविसमा एक वर्षदेखि नुन पुगेको छैन, त्यहाँका ३ हजार ६ सय ६३ परिवार एक वर्षयता अलिनो खान बाध्य छन् । सुदूरपश्चिमका पहाडी जिल्लाहरू बाजुरा, बझाङ, अछाम र दार्चुलाका जनताले खाद्यान्नको अभाब देखिएको आयोगको अनुगमन टोलीले जनाएको छ ।

### महिला अधिकार

नेपाल सरकारले सन् २०१० लाई महिलाहिंसा विरुद्धको वर्षका रूपमा मनाउने घोषणा गरेको छ । महिलामाथि हुने घरेलु र अन्य प्रकारका हिंसालाई नियन्त्रण गर्न राज्यका तर्फबाट पटकपटक प्रतिवद्धताहरू व्यक्त गरिए पनि हिंसा हुनेक्रम रोकिएको छैन । एघार वर्षीया एक बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा तुलसी बराईली (वर्ष २५) लाई प्रहरीले इलामको पशुपतिनगरबाट मङ्सिर १ गते पक्राउ गऱ्यो । आफ्नी जेठीसासूलाई बलात्कारको प्रयास गरेको अभियोगमा पाँचथरको भारपा गाविस-६ का लाखबहादुर याबालाई प्रहरीले गिरफ्तार गऱ्यो । सिरहा जिल्ला मुस्कर गाविस-२ बस्ने वृद्धा रासोदेवी यादवलाई बोक्सीको आरोपमा स्थानीय महिलाले मलमुत्र खुवाए । यो घटनामा संलग्न एकजनालाई प्रहरीले पक्राउ गऱ्यो । मोरङ जिल्ला उर्लाबारी बस्ने सुनिता र झापाको काँकडभिट्टा बस्ने सुकमतिलाई खाडी मुलुकमा काम गर्न भनी लगिँदै गरेको अवस्थामा माइती नेपालले मङ्सिर २४ मा उद्धार गऱ्यो । त्यस्तैः जोखिमपूर्ण कामका लागि नेपालगञ्ज नाकाबाट भारत लगिँदै गरेका तीन युवतीलाईसमेत माइती नेपालले उद्धार गरेको छ । त्यस्तै यौन व्यवसायका लागि भारतहुँदै तेस्रो मुलुक लैजादै गरेका दाङको हापुर गाविसका बिन्ती बिक र मनकुमारी बिकलाई माइती नेपालले उद्धार गरेको छ ।

*राष्ट्रिय मानवअधिकार आयोगमा परेका उजुरी, स्थलगत अनुगमन एवम् अनुसन्धान, आयोगको सुरक्षा इकाईबाट प्राप्त जानकारी, सुरक्षा निकाय, मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्था तथा सञ्चारमाध्यमबाट प्राप्त जानकारीहरू समेतका आधारमा तयार पारिएको ।*

# सत्यनिरूपण आयोगसम्बन्धी विधेयकमा छलफल

ललितपुर/ नेपाल सरकारले तयार पारेको 'सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०६६' सम्बन्धी विधेयकका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । गत मंसिर २९ गते सम्पन्न उक्त छलफलको मुख्य उद्देश्य प्रस्तावित विधेयकलाई मानवअधिकारमैत्री बनाउनु, मानवअधिकार उल्लङ्घनकर्तालाई कानुनी दायरामा ल्याउनु, तथा पीडितलाई राहत एवम् परिपूरणको प्रभावकारी व्यवस्था गर्नु रहेको थियो । साथै, विधेयकलाई सङ्क्रमणकालीन अवस्थामा प्रभावकारी रूपमा न्याय प्रदान गर्न सक्ने बनाउन सरकारलाई आवश्यक सुझाव पेस गर्नु पनि कार्यक्रमको उद्देश्य रहेको थियो ।

विस्तृत शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ अनुरूप नेपाल सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०६४ को विधेयक मस्यौदा तयार पारेको हो । यो विधेयकलाई बढी प्रभावकारी बनाउन आयोगले यसअघि पनि द्वन्द्वपीडित, अधिकारकर्मी, सरकारी अधिकारी, नागरिक समाजका सदस्यलगायतका सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल तथा अन्तरक्रियाहरू गर्दै आएको छ ।

प्रस्तावित विधेयकमा मानवअधिकारका दृष्टिकोणबाट समेट्नु पर्ने र सच्याइनु पर्ने विषयवस्तुका बारेमा आयोगको तर्फबाट मानवअधिकार अधिकृत प्रेमबहादुर थापाले सहजीकरण गर्नुभएको थियो । उहाँले सत्य निरूपणका क्रममा पीडित, साक्षी तथा उजुरकर्ताको संरक्षण गर्ने दायित्व समेत सत्य निरूपण तथा मेलमिलाप आयोगलाई दिइनु पर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा बोल्दै इन्हुरेड इन्टरनेसनलका गोपालकृष्ण शिवाकोटीले सरकार आयोग गठन गरी जनतालाई तत्काल अल्मल्याउन मात्र लागि परेको तर आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्न उदासिन बनेको बताउनु भयो । अहिले सम्ममा मानवअधिकारका विभिन्न पक्षलाई समेट्ने उद्देश्यले एक दर्जनभन्दा बढी आयोगहरू बनेका भएपनि तिनका सिफारिस र सुझावहरूलाई कार्यान्वयन नभएको अवस्थाले सत्यनिरूपण आयोगबाट धेरै अपेक्षा गर्न नसकिने बताउनु भयो । उहाँले प्रस्तावित विधेयकले भविष्यतर्फमात्र लक्षित गरेकाले हिजो मानवअधिकार उल्लङ्घनका दोषीहरूले उन्मुक्ति पाउन सक्नेतर्फ सचेत गराउँदै युद्ध अपराधका घटनामा मेलमिलाप गर्न नसकिने धारणा राख्नुभयो ।

बेपत्ता योद्धा परिवार समाजका एकराज भण्डारीले ऐनको प्रस्तावनामा नै पीडितहरूका लागि सम्मान वा राहत दिने शब्दहरू राखिनु पर्ने, विधेयकले मानवता विरुद्धको अपराधको परिभाषा गर्नु पर्ने, आयुक्तहरू नियुक्त गर्दा कुनै पनि राजनीतिक दलमा सक्रिय सहभागी नभएको हुनु पर्ने, विधेयकलाई भूतलक्षी बनाइनु पर्ने जस्ता सुझावहरू राख्नुभयो । मानवअधिकार तथा सञ्चार केन्द्र, इर्हिकोनका शोभा गौतमले सत्यनिरूपण आयोगका पदाधिकारी नियुक्त गर्ने समितिमा मन्त्रीहरूको सट्टामा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष राखिनु राम्रो हुने भन्दै नेपालले रोम विधानलाई अनुमोदन गरेमा सत्यनिरूपण गर्न सजिलो पर्ने धारणा राख्नुभयो । एड्भोकेसी फोरमका जितेन्द्र बोहराले द्वन्द्वपीडित बालबालिकालाई संरक्षण गर्नेसम्बन्धी दायित्वका बारेमा पनि सत्यनिरूपण आयोगलाई कार्यादेश हुनुपर्ने सुझाव दिनुभयो । अन्तरक्रिया कार्यक्रममा दलित सेवा संघका चक्रमान विश्वकर्मा, लाहुरनिपका शान्तिकुमारी राई, हुर्पोनका विनोदकुमार विश्वकर्मा, बालइजलास काठमाडौंका एसबी बस्नेत, इन्सेकका विद्या चापागाईंलगायतले सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई सक्षम र सुदृढ संस्थाका रूपमा स्थापना गर्न विभिन्न सुझावहरू पेस गर्नुभयो ।

### छलफलबाट प्राप्त निर्ष्कष तथा सिफारिस

- प्रस्तावित आयोगको नाम 'सत्य, न्यायको खोज तथा मेलमिलाप आयोग' हुनुपर्ने ।
- प्रस्तावनामा दोषीलाई कारबाही र पीडितलाई न्याय दिलाउने प्रावधान समावेश गर्ने, ऐनलाई भूतलक्षी बनाउनु पर्ने, आयोगका पदाधिकारीहरु कम्तिमा ३३ प्रतिशत महिलासहित समावेसी हुनुपर्ने ।
- 'मानवता विरुद्धको अपराध'को परिभाषा गर्ने । 'तजविज', 'उचित ठानेमा' जस्ता शब्दहरू हटाउने, क्षमादान वा आममाफी दिने अर्थ लाग्ने किसिमका प्रावधान हटाउनु पर्ने ।
- आयोग पदाधिकारीको नियुक्ती राजनीतिक निकायबाट नभई राष्ट्रिय मानवअधिकार आयोग तथा सरोकारवाला संस्थाहरूको सिफारिसबाट गरिनु पर्ने,
- विधेयकमा साक्षी, बालबालिका र पीडितको संरक्षण गर्ने कुरा समेटिनु पर्ने, आयोगका सिफारिस कार्यान्वयनका लागि निश्चित समयावधि तोकिनु पर्ने । आयोगले साक्षी वा अन्य व्यक्तिको सुरक्षाका लागि पुनःस्थापना केन्द्रको व्यवस्था गर्नुपर्ने ।
- तोकिएका निकायले आयोगको काममा असहयोग गरेमा त्यस्ता निकायलाई मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने व्यवस्था गरिनु पर्ने । आयोगले सशस्त्र द्वन्द्वका समयमा भएको मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अभिलेखन गरी संरक्षण गर्नु पर्ने ।
- आयोगलाई मानवअधिकारको उल्लङ्घन तथा मानवताविरुद्धको अपराध भएको लागेमा आयोग आफैंले उजुरी ग्रहण गर्न सक्ने व्यवस्था हुनु पर्ने । आयोगका लागि आवश्यक पर्ने स्रोतसाधन नेपाल सरकारले उपलब्ध गराउने व्यवस्था हुनु पर्ने ।

# बाँके-बर्दियामा जग्गा अतिक्रमणबारे अनुगमन

सार्वजनिक तथा निजी जग्गा जग्गा कब्जा गर्नेक्रम तीव्र भएको भनी गुनासो बढिरहेको परिप्रेक्ष्यमा राष्ट्रिय मानवअधिकार आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले बाँके र बर्दिया जिल्लामा अनुगमन गरेको थियो। बाँके-बर्दिया लगायतका जिल्लामा अखिल नेपाल सुकुम्बासी संघको आह्वानमा जग्गा कब्जा गरी सुकुमबासी भनिएका व्यक्तिहरूलाई वितरण गरिएको भनी आयोगमा उजुरी तथा जानकारीहरू प्राप्त भइरहेको थियो। अनुगमनको उद्देश्य जग्गा कब्जाको अवस्था, जग्गा कब्जा गर्न प्रयोग गरिएको रणनीति, त्यसबाट परेको असर तथा स्थानीय प्रशासन तथा राजनीतिक दलहरूबाटबाट भएगरेका गतिविधिहरूबारे जानकारी लिनु थियो। आयोगका निमित्त क्षेत्रीय निर्देशक मुरारिप्रसाद खरेल र मानवअधिकार अधिकृत मोहनदेव जोशी सम्मिलित अनुगमन टोलीले प्राप्त गरेका तथ्यहरू :



## बाँके जिल्ला

- बाँकेमा करिब ९ सय बिघा जग्गा ऐलानी रहेको भन्दै अखिल नेपाल सुकुम्बासी संघले मङ्सिर ३० गते बाँके जिल्ला रनियापुर गाविस-४ जैरियामा करिब ५६ बिघा जग्गाभित्र झन्डा गाडी कब्जाको घोषणा गरेको। यो जग्गा प्रतिपरिवार १० कट्ठाका दरले बाड्ने योजना रहेको। उक्त जग्गा बाडफाँड गर्ने कार्यक्रमअनुसार पुस १ गते बिहान २५० परिवारका व्यक्तिहरू कोदालोसहित उपस्थित भएको।
- जग्गा वितरण कार्यलाई रोक्न सशस्त्र प्रहरी नायब उपरीक्षकको नेतृत्वमा सशस्त्र प्रहरीका ६० जना र नेपाल प्रहरीका ४५ जना सुरक्षाकर्मीहरूलाई रनियापुर-४ मा खटिइएको। त्यसै दिन सुरक्षाकर्मीले अतिक्रमित जग्गामा गाडिएका झन्डाहरू हटाउने कार्य गरेको।
- अतिक्रमित उक्त ऐलानी जग्गालाई रनियारपुरका स्थानीय चार/पाँचजना जमिन्दारहरूले आफ्नो नियन्त्रणमा लिई स्थानीय व्यक्तिहरूलाई अधियामा कमाउन दिएको। एकीकृत नेकपा (माओवादी) बाँकेका इन्चार्ज प्रकाश सुवेदीले विगत लामो समयदेखि जमिन्दारहरूले उपभोग गरिरहँदा सरकार मौन बसेको तर वास्तविक सुकुम्बासीहरूले उपभोग गर्न खोज्दा स्थानीय प्रशासनले बल प्रयोग गर्न खोजेको आरोप लगाएको।
- अखिल नेपाल सुकुम्बासी संघ थारुवान् राज्य समिति र अखिल नेपाल सुकुम्बासी संघ, बाँकेका प्रमुखलगायतका व्यक्तिहरूले जग्गाअतिक्रमणसम्बन्धी समस्याको समाधान वार्तामार्फत् खोज्नु पर्ने बताएको।
- बाँकेको नौवस्ता गाविस-२ चिसापानीबाट आएका झन्डै ३० परिवारले 'रनियापुरमा जग्गा खुलेको छ भन्ने सुनेर आएका तर सुरक्षाकर्मीले बल प्रयोग भई डुडेझारीमा जस्तै घटना हुने सम्भावना देखेर सुरक्षित स्थानतर्फ भागेको' बताएको।

## बर्दिया जिल्ला

- मङ्सिर ३० गतेदेखि सुकुम्बासी भएको दाबी गर्दै राजापुर, ताराताल, नौबस्ता, धधवार लगायतका स्थानबाट करिब ५ हजारको सङ्ख्यामा मानिसहरू धधवार गाविस-६ स्थित कलवारफाँटा प्रवेशको तयारी गरेको।
- राणा शासनको अन्त्यको समयमा रिक्म शम्सेर राणाले बर्दिया जिल्लास्थित कलवारफाँटाको करिब ३५० बिघा फाँट आफ्नो नाममा राख्न तत्कालीन राणा प्रधानमन्त्री मोहन समसेरसमक्ष बिन्तीपत्र पेस गरी बक्सिस्का रूपमा उक्त जग्गा प्राप्त गरेको। तर २०२१ को नयाँ भूमिसुधार ऐनले उक्त कार्यलाई मान्यता नदिएकाले मुद्दा अदालतमा विचाराधीन रहेको भनी धधवार गाविसका पूर्वअध्यक्ष दयाराम खडकाले बताएको। उनका अनुसार २०४६ सालको जनआन्दोलनपछि सुकुम्बासीहरूले उक्त फाँटलाई कब्जा गरे पनि केहि समयपछि त्यस क्षेत्रलाई खाली गराइएको।
- सरकारले सुकुम्बासीको समस्या समाधानमा प्रयास नगरेको आरोप लगाउँदै धधवार गाविस-३ का केही व्यक्तिले 'सरकारले सुकुम्बासीलाई कम्तीमा ५ कट्ठा जग्गा र रोजगारी देओस्। हामी जंगललाई क्षति नपुऱ्याईकन बस्छौं' भन्ने विचार राखे।
- पुस १ गते कलवारफाँटामा अतिक्रमण गर्न खोज्ने सुकुम्बासी तथा स्थानीय वन उपभोक्ताहरूबीच झपड हुँदा दुवै तर्फका गरी आधा दर्जन घाईते भएको। उनीहरूको कोहलपुर शिक्षण अस्पतालमा उपचार भएको पाइएको।
- उक्त जग्गाको हैसियत स्पष्ट नभएको र अदालतमा मुद्दा विचाराधीन भएको अवस्थामा समस्याको समाधान गर्न सुकुम्बासीहरूलाई वार्ताको लागि बोलाएको बर्दियाका प्रमुख जिल्ला अधिकारी वेणिमाधव ज्ञवालीबाट जानकारी।

## अनुगमन टोलीको निष्कर्ष

एकीकृत नेकपा (माओवादी) सम्बद्ध अखिल नेपाल सुकुम्बासी संघको आह्वानमा बाँके र बर्दिया जिल्लामा रहेका सार्वजनिक ऐलानी जग्गालाई प्रचलित कानुनी प्रक्रियालाई बेवास्ता गर्दै सुकुम्बासी भनिएका व्यक्तिहरूलाई वितरण गर्न गरिएका गतिबिधिहरू विस्तृत शान्ति सम्झौता २०६३ को भावना विपरित छन्। यो सम्झौताको दफा ७.५.५ मा 'कानुनबमोजिम बाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन' भन्ने उल्लेख छ। त्यस्तै केही व्यक्तिले उपभोग गरिरहेको बाँके जिल्ला रनियापुर लगायतका स्थानमा रहेका पर्ति र ऐलानी जग्गाको यथार्थ तथ्याङ्क निकाली विद्यमान कानुनी प्रकृयाअनुसार सुकुम्बासी तथा भूमिहीनहरूलाई वितरण गर्न अबिलम्ब आवश्यक व्यवस्था गर्नु पर्ने देखिन्छ।

# आयोगका निर्णय र सिफारिसहरू

राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न मितिमा आयोगमा दर्ता भएका उजुरीहरूमाथि कारबाही तथा क्षतिपूर्तिको सिफारिस गरेको छ। मङ्सिर २ र ८ गते बसेको आयोगको बैठकले निर्णय गरेका १४ उजुरीमध्ये १३ ओटा उजुरी बेपत्तासम्बन्धी र एउटा उजुरी यातनासम्बन्धी रहेको छ। आयोगले गरेको कारबाही तथा क्षतिपूर्तिसम्बन्धी निर्णयहरूलाई तलको तालिकामा देखाइएको छ।

| उजुरी नं. | उजुरीको विवरण | आयोगको अनुसन्धानबाट प्राप्त तथ्य | कारबाही सिफारिस | क्षतिपूर्ति सिफारिस |
|---|---|---|---|---|
| ७२, ७३, ७४ | बर्दिया जिल्ला मोतिपुर गाविस-७ दमौली बस्ने भुखलाल चौधरी, भवनकुमार चौधरी र शेरबहादुर चौधरीलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको। | निजहरूलाई वि.सं. २०५९ भदौ १६ गते बर्दिया जिल्लास्थित नेपाली सेनाको रम्भापुर ब्यारेकका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको पुष्टि। | घटनामा संलग्न दोषी सुरक्षाकर्मी पहिचान गरी कानुनबमोजिम कारबाही गर्नु। | पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ११५, ११७, ११८, १२४, १३९ | बर्दिया जिल्ला देउडाकला गाविस-५ बस्ने तीर्थबहादुर थापा, श्रीराम चौधरी, बमबहादुर शाही, हिरासिंह बाढामगर र राम चौधरीलाई बेपत्ता पारिएको। | निज पाँचैजनालाई वि.सं. २०५९ जेठ ९ गते देउडाकला गाविस-३ को माछागढ भन्ने ठाउँबाट रम्भापुर ब्यारेकबाट खटिएका नेपाली सेना सुरक्षाकर्मीहरूले पक्राउ गरी बेपत्ता पारेको पुष्टि। | निजहरूको अवस्था तत्काल सार्वजनिक गर्नु। घटनामा संलग्न रम्भापुर ब्यारेकका जम्दार महेन्द्रजंग थापासहितका सुरक्षाकर्मीहरूलाई कानुनबमोजिम कारबाही गर्नु। | पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ४५२ | बर्दिया जिल्ला धधवार गाविस-८ बस्ने राजनकुमार चौधरी, सीताजानकी चौधरी र चैतेलाल चौधरीलाई बेपत्ता पारिएको। | निजहरूलाई वि.सं. २०५८ पुस ५ गते मगरागदी गाविसको जग्दहवा भन्ने स्थानबाट नेपाली सेनाका सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको पुष्टि। | निजहरूको अवस्था तत्काल सार्वजनिक गर्न, यो घटना गराउन आदेश दिने चिसापानी ब्यारेकका मेजर अजित थापा तथा क्याप्टेन रमेश स्वाँरसमेतका सुरक्षाकर्मीलाई कानुनबमोजिम कारबाही गर्ने। | पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ६८६ | बर्दिया जिल्ला खैरी चन्दनपुर गाविस-५ बस्ने किरिमकुमार चौधरीलाई सुरक्षाकर्मीले बेपत्ता पारेको | निजलाई वि.सं. २०५९ साल बैशाखमा नेपाली सेनाको चिसापानी ब्यारेकबाट खटिई गएका सुरक्षाकर्मीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको पुष्टि। | निजको अवस्था तत्काल सार्वजनिक गर्न, घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने। | पीडितको कानुनबमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ८५० | बर्दिया जिल्ला मोतिपुर गाविस-५ बस्ने दरवारी थारु, लक्ष्मीराम थारु, तुल्सीराम थारु, बाबुराम थारु, बाँधु थारु र कालिराम थारुलाई सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारेको। | दरवारी थारु, लक्ष्मीराम थारु र बाबुराम थारुलाई मिति २०५८ माघ १२ गते र बाँधु थारु, तुल्सीराम थारु र कालीराम थारुलाई मिति २०५९ असोज १६ गते घर घरबाटै पक्राउ गरी बेपत्ता पारेको पुष्टि। | बेपत्ता पारिएका दरवारी थारु, तुल्सीराम थारु, लक्ष्मीराम थारु, बाबुराम थारु, कालीराम थारु, बाँधु थारुको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, घटनामा संलग्न दोषी पहिचान गरी कानुनबमोजिम कारबाही गर्ने। | पीडितहरूका कानुनबमोजिमका हकवालाहरूलाई अन्तरिम राहत स्वरुप जनही एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ६२२ | बाँके जिल्ला रझेना गाविस-२ बस्ने पवन थारुलाई सुरक्षाकर्मीले बेपत्ता पारेको। | निज पवन थारुलाई तत्कालीन समयमा चिसापानीस्थित नेपाली सेनाको ब्यारेकबाट खटिई गएको टोलीले २०५९ असार १७ गते पक्राउ गरी चिसापानी ब्यारेकमा ८ दिनसम्म राखी बेपत्ता पारेको पुष्टि। | निजको अवस्था तुरुन्त सार्वजनिक गर्न तथा घटनामा संलग्न दोषी पहिचान गरी कानुनी कारबाही गर्ने। | पीडितको कानुनबमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ३४५ | बाँके जिल्ला नौवस्ता गाविस-७ बस्ने धनकुमारी चौधरीलाई सुरक्षाकर्मीले बेपत्ता पारेको। | निजलाई २०५८ पुस १९ गते बाँके जिल्लास्थित नेपाली सेनाको चिसापानी ब्यारेकले सोधपुछका लागि भनी ब्यारेकमा बोलाई सोही स्थानबाट बेपत्ता पारेको पुष्टि। | निजको अवस्था यथाशीघ्र सार्वजनिक गर्न, सो घटना गराउन जिम्मेवार देखिएका मेजर अजित थापा, क्याप्टेन रमेश स्वाँर सहितलाई कानुनबमोजिम कारबाही गर्ने। | पीडितको कानुनबमोजिमका हकवालालाई अन्तरिम राहत स्वरुप एक लाख रुपैया प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गर्ने। |
| ५६ | मुगु जिल्ला रोवा गाविस-७, शोभागाउँ बस्ने ज्ञानसिंह बुढालाई यातना दिइएको घटना। | निजलाई २०६१ कार्तिक २३ गते थुनामा राखी २२ दिन पछि मुक्त गरेको। थुनामा रहँदा निज ज्ञानसिंह बुढालाई कालिदल गुल्मबाट खटिएको नेपाली सेनाको टोलीले बन्दुकको कुन्दा, लात्ती र बुटले प्रहार गरी शारीरिक यातना दिएको पुष्टि। | | मानवअधिकार आयोग (उजुरी, कारबाही र क्षतिपूर्ति निर्धारण) नियमावली २०५७ को नियम १८ बमोजिम पीडितलाई एक लाख रुपैया क्षतिपूर्ति प्रदान गर्ने। |

# राष्ट्रिय मानवअधिकार आयोग, नेपालमा

## वि.सं. २०६६ मङ्सिर महिनामा परेका उजुरीहरू

| सि.नं | मानवअधिकार उल्लङ्घनको विषय | जिम्मेवार पक्ष | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालयहरू | | | | | उप क्षेत्रीय कार्यालयहरू | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ललितपुर | विराटनगर | पोखरा | नेपालगञ्ज | धनगढी | जनकपुर | बुटवल | खोटाङ | जुम्ला | |
| १ | हत्या | सुरक्षाकर्मी (हिरासतमा मृत्यु समेत) | १ | | | | | १ | | यो महिना कुनै उजुरी परेनन् । | यो महिना कुनै उजुरी परेनन् । | |
| | | एनेकपा (माओवादी) | | | | | १ | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| २ | बेपत्ता/अपहरण | सुरक्षाकर्मी | २ | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | समूह नखुलेको | १ | १ | | | | | १ | | | |
| ३ | यातना/दुर्व्यवहार | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ४ | घाइते/कुटपिट | सुरक्षाकर्मी | | | | १ | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ५ | विस्थापित | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ६ | सम्पति कब्जा | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | १ | | | |
| | | अन्य समूह | | | | | | | | | | |
| ७ | धम्की | सुरक्षाकर्मी | | | | | | | | | | |
| | | एनेकपा (माओवादी) | | | | | | | | | | |
| | | अन्य समूह | १ | १ | | | | | | | | |
| ८ | कारागार/थुनासम्बन्धी | | १ | | | | | | | | | |
| ९ | क्षतिपूर्ति | | | | | | | | | | | |
| १० | नागरिक अधिकार | | | | | | | | | | | |
| ११ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | १ | १ | | १ | | | | | |
| १२ | महिला अधिकार | | | | | | | | | | | |
| १३ | बालअधिकार | | | | | | | | | | | |
| १४ | न्याय प्रशासन | | | ६ | | | | | | | | |
| १५ | विदेशमा नेपाली | | | | | | | | | | | |
| | अन्य | | | | | | | | | | | |
| | जम्मा | | ६ | ९ | १ | १ | २ | १ | २ | ० | ० | २२ |

**मानवअधिकार उल्लङ्घनसम्बन्धी कुनै पनि घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी गरौं ।**

## मानवअधिकार हटलाइन

## २-११-११-११

- उजुरी दर्ता गराउँदा कुनै दस्तुर लाग्दैन ।
- उजुरी कुनै पनि भाषामा लिखित वा मौखिक रूपमा दिन सकिने छ ।
- मानवअधिकार उल्लङ्घनकारीलाई कानुनी कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिलाउन आयोगले पहल गर्नेछ ।

# न्याय माग्दै बन्दी प्रहरीद्वारा मानव–ताल्चा



धनगढी/ आयोगको सुदूर पश्चिमाञ्चल कार्यालयले जिल्ला कारागार कैलालीमा बन्दी प्रहरीहरूद्वारा आफैंलाई यातना दिई न्याय माग्ने घटनाका सम्बन्धमा अनुगमन गरेको छ। आयोगले स्थानीय प्रशासन लगायत सम्बन्धित सबै निकायहरूमा विभिन्न समयमा गरिएको अनुरोध र मागलाई सम्बन्धित निकायहरूले बेवास्ता गरेको भन्दै बन्दीहरूले आफ्नै नाडीमा पन्यूले खोपेर कारागारको मूलढोकामा मानव ताल्चा बनाएका थिए। पुस ३ गते बिहानदेखि निलम्बित प्रहरी जवान पूर्णबहादुर मलासीले दायाँ हात र नरजङ्ग शाहीले बायाँ हात कारागारको मूलढोकाबाट बाहिर निकाली स्टिलका पन्युले दुवैको नाडीमा प्वाल पारी तामाको तारले बाँधेर त्यसमा ताल्चा लगाई विरोधका थिए। यसअघि आफ्ना माग पूरा गराउन कारागारका १८ बन्दीहरूले गत पुस १ गतेबाट भोक हड्ताल सुरु गरेका थिए।

यो घटनामा गम्भीर चासो प्रकट गर्दै आयोगको सुदूरपश्चिमाञ्चल कार्यालयले कैलालीका प्रमुख जिल्ला अधिकारी, सुरक्षामानवअधिकारकर्मी, धनगढीमा नै रहनुभएका मानवअधिकार नेता पद्मरत्न तुलाधर, प्रमुख जिल्ला अधिकारीसहितले निजहरूका माग सम्बन्धित निकायमा पुऱ्याउने भनी मानव ताल्चा लगाउने कार्य नगर्न र भोक हड्ताल तोड्न आग्रह गरे पनि अनशनकारीहरूले मानेका छैनन्। उनीहरूमाथि लगाइएको मुद्दा खारेज गरी उनीहरूको पुनर्बहाली नगरेमा थप विरोधका कार्यक्रमहरू ल्याउने जानकारी गराएका छन्। आयोगको क्षेत्रीय कार्यालय धनगढीले घटनाको निकासका लागि पहल जारी राखेको छ।

प्रहरी सङ्गठनभित्र माथिल्लो दर्जाका अधिकृतहरूले तल्लो दर्जाका प्रहरीलाई दबाउने भ्रष्टाचार गर्ने र अनियमितता गरेको भन्दै प्रहरीहरूले दङ्गा नियन्त्रण गणमा वि.सं. २०६५ असार २८ गते विरोध गरेका थिए। नेपालगञ्जको दङ्गा नियन्त्रण गणमा सशस्त्र विद्रोह गरेको आरोपमा १८ महिनादेखि कैलाली कारागारमा रहेका १८ जना बन्दीहरूले आफूहरू माथि अन्याय भएको गुनासो गर्दै आएका थिए। बन्दिहरूले पछिल्लो पटक मङ्सिर १७ गतेदेखि आन्दोलन सुरु गरेका हुन्। उनीहरूले सरकारले गठन गरेको विशेष अदालत विघटन भइसकेको र आफूहरूको मुद्दाका बारेमा राज्यले कुनै चासो नदिएकाले प्राकृतिक न्यायको सिद्धान्तको समेत प्रतिकुल हुने गरी आफूहरूको मानवअधिकारको हनन् भइरहेको बताए।

बन्दीहरूले विरोधका क्रममा मङ्सिर १७ देखि २२ गतेसम्म कारागारको मूलढोकामा लालटिन बालेर विरोध जनाए। त्यस्तै, मङसिर २५ गतेसम्म अवैध थुना बहिष्कार गरे। मङ्सिर २४ देखि ३० गतेसम्म २४ घण्टा कारागारको मूलढोकामा धर्ना दिए। पुस १ गतेदेखि सरकारले दिने गरेको ७ सय ग्राम चामल र ४५ रूपैया (एक दिन बराबरको भत्ता सुविधा) बहिष्कार गर्दै अनिश्चितकालीन भोक हड्ताल सुरु गरे। उनीहरूले आफ्नो मुद्दाको छिटो सुनवाई हुनु पर्ने अन्यथा पुनर्बहाली हनुपर्ने माग राखेका छन्। विद्रोह गर्ने ४५ जना प्रहरीलाई विशेष अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएको थियो। अदालतको आदेश अनुसार विद्रोह गर्नेमध्ये १७ जना धनगढीमा र २७ जना दाङ कारागारमा राखिएका छन्।

## पत्राचारको लागि

**सम्पादक, मानवअधिकारपत्र, राष्ट्रिय मानवअधिकार आयोग,**

**केन्द्रीय कार्यालय, ललितपुर**

**पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल**

**फोनः ०१-५०१००१५, फ्याक्सः ००९७७-१-५५४७९७३**

**इमेलः manav.adhikarpatra@nhrcnepal.org**

**प्रापकः**

राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुरबाट प्रकाशित, पोस्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल, फोनः ०१-५०१००१५, फ्याक्सः ०१-५५४७९७३, सम्पादकः भानुभक्त आचार्य